फोन नं. : 057-524836
Email : mosd@bagamati.gov.np

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## सिलबन्दी दरभाउपत्र आह्ववानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७७।०५।२३)

यस मन्त्रालयको लागि चालु आ.व. २०७७।७८ मा कार्यालय संचालनको लागि आवश्यक तपशिल बमोजिमका स्टेशनरी तथा छपाई सम्बन्धी सामाग्रीहरु छुट्टाछुटै प्याकेजमा सिलबन्दी दरभाउको माध्यम मार्फत् खरिद गर्नु पर्ने भएकोले सम्बन्धित कार्यका लागि इजाजत प्राप्त मूल्य अभिवृद्धि करमा दर्ता भई आयकर र करचुक्ता अद्यावधिक भएका रजिस्टर्ड फर्महरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आह्ववान गरिएको छ ।

१. शिलबन्दी दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि तपशिलमा उल्लेख भए बमोजिमको मितिसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन पेश गरी यस मन्त्रालयको खरिद ईकाइबाट तपशिल बमोजिमको दस्तुर बुझाई(फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ ।

२. शिलबन्दी दरभाउपत्रमा उल्लेखित मिति र समयभित्र यस मन्त्रालयको खरिद ईकाइमा सिलबन्दी गरी दर्ता गराउनु पर्नेछ । शिलबन्दी दरभाउपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशलाई संम्बोधन गरी आफूले गर्न चाहेको कार्य सहित शिलबन्दी दरभाउपत्रको नं. समेत स्पष्टसँग उल्लेख गर्नु पर्ने छ ।

३. दर्ता हुन आएका सिलवन्दी दरभाउपत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा मन्त्रालयको खरिद ईकाइमा उपस्थित फर्म/कम्पनीका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर फर्म/कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

### तपशिल:

| सि. नं. | सिलबन्दी दरभाउपत्र नं. | गर्नुपर्ने कार्यको विवरण | खरिद गर्ने अन्तिम मिति समय र कार्यालय | दाखिला गर्ने/खोलिने अन्तिम मिति समय र कार्यालय | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर रु | बैंक तथा राजस्व खाता नं. राजस्व सि.नं. र कार्यालय कोड | विड वन्ड रकम र सोको म्याद |
|---|---|---|---|---|---|---|---|
| 01 | ०३।२०७७।७८ | स्टेशनरी तथा कार्यालय सम्बन्धी सामान सप्लाई | २०७७।०६।०६ दिनको १२:०० बजे, रु १०००।- को बैंक राजस्व दाखिला गरी यस मन्त्रालयमा प्राप्त गर्न सकिने छ । | २०७७।०६।०७ गते दिनको १२:०० भित्र मन्त्रालयमा दाखिला गरी सक्नुपर्ने छ साथै सोही दिन २:00 बजे दरभाउपत्र खोलिने छ । | १०००।- | रा.वा.वैंक, हेटौडा १०००२०००१०००० राजस्व सि.नं.- १४२२९ कार्यालय कोड: ३५०००३२०१३ | रु ४५,०००।- (दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिले ७५ दिन) |
| 02 | 04।२०७७।७८ | छपाई सम्बन्धी सामान सप्लाई | २०७७।०६।०६ दिनको १२:०० बजे, रु १०००।- को बैंक राजस्व दाखिला गरी यस मन्त्रालयमा प्राप्त गर्न सकिने छ ।मन्त्रालयमा | २०७७।०६।०७ गते दिनको १२:०० भित्र मन्त्रालयमा दाखिला गरी सक्नुपर्ने छ साथै सोही दिन २:00 बजे दरभाउपत्र खोलिने छ । | १०००।- | रा.वा.वैंक, हेटौडा १०००२०००१०००० राजस्व सि.नं.- १४२२९ कार्यालय कोड: ३५०००३२०१३ | रु ३०,०००।- (दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिले ७५ दिन) |

फोन नं. : 057-524836
Email : mosd@bagamati.gov.np

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

4. दरभाउपत्र दर्ता गर्ने/ खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगतै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने कार्य गरिनेछ ।

5. सिलबन्दी दरभाउपत्र वापत माथि उल्लेखित रकम बरावर यस मन्त्रालयको नाममा प्रचलित कानून बमोजिम बैंक ग्यारेन्टी जारी गर्न इजाजत प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट जारी भएको सिलवन्दी दरभाउपत्र जमानत वा प्रदेश लेखा नियन्त्रक कार्यालय, हेटौडाको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, हेटौडाको धरौटी खाता नं. 13001000202030000 (यस मन्त्रालयको कार्यालय कोड नं. ३५०००३२०१३) मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्र जमानतको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५(पचहत्तर) दिन सम्मको मान्य अवधि भएको हुनु पर्ने छ ।

६. शिलबन्दी दरभाउपत्रको ग्राह्यताको आधार तथा त्यस्को आधार प्रमाणित गर्ने दरभाउपत्र दाताले सिलबन्दी दरभाउपत्रसाथ देहायका प्रमाणित कागजात पेश गर्नु पर्ने छ ।

(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) व्यवसाय दर्ताको इजाजतपत्र (ग) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) सिलबन्दी दरभाउपत्रदाताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नवाझिएको र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (ङ) आ.व. २०७५।७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (च) बोलपत्रदाता फर्म/ कम्पनीको Power of Attorney Letter समेत ।

७. कुनै वा सबै सिलवन्दी दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार मन्त्रालयमा निहित रहने छ ।

८. माथि उल्लेखित कार्यको सम्झौता अवधि बढिमा एकवर्षको हुनेछ । स्वीकृत सिलबन्दी दरभाउपत्रदातालाई उक्त अवधिभित्र दरभाउपत्र फाराममा उल्लेख भए बमोजिमका सामान एकै पटक वा पटक-पटक आपूर्ति गर्न यस मन्त्रालयले निर्देशन दिनेछ ।सम्झौताको अवधिभर सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भएको भन्दा बढी परिमाणका सामान मन्त्रालयलाई आवश्यक परेमा स्वीकृत बोलपत्रदाताले आफूले कबोल गरेको दररेटमा नै उक्त सामान आपूर्ति गर्नु पर्ने छ ।